मंगला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

मिति: २०७५/०६/०४

प.सं : २०७५/०७६

च.नं :

सूचना नं. ०२-२०७५/२०७६

सुचना ! सुचना !! सुचना !!!

सामाजिक सुरक्षा कार्यविधि २०७५ अनुसार यस मंगला गाउँपालिका क्षेत्रभित्र वसोवास गर्ने आगामि २०७६ फाल्गुण मसान्त सम्ममा ७० वर्ष पुग्ने अन्य जेष्ठ नागरिकहरु र ६० वर्ष पुग्ने जेष्ठ दलितहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि आगामी आ.व. २०७६/२०७७ मा उमेर पुग्ने मिति उल्लेख गरि पुस मसान्त भित्र सम्वन्धीत वडा कार्यालयमा गई नाम दर्ता गरी तोकिएको बैंक (वडा नं. १,२, र ५ को लागि गरिमा विकास बैंक र वडा नं. ३ र ४ को लागि गण्डकी विकास बैंक) मा खाता खोल्न हुन अनुरोध छ । एकल महिला, विधवा, पूर्ण अपाङ्ग, अति अशक्त अपाङ्ग तथा दलित वालवालिका (एक आमा बाट जन्मीएका ५ वर्षमुनिका २ जना) ले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि आफ्नो प्रमाण सहित जुनसुकै समय (सार्वजानिक बिदाको दिन बाहेक) मा सम्वन्धीत वडा कार्यालयमा गई नाम दर्ता गरी तोकिएको बैंकमा खाता खोल्न हुन अनुरोध छ । साथै सामाजिक सुरक्षा कार्यविधि, २०७५ को दफा ९ को उपदफा २ र ३ मा नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्था वा नेपाल सरकार सँग सम्वन्ध स्थापित भएका मित्र राष्ट्र वा तिनका निकायबाट मासिक रुपमा तलब भत्ता पेन्सन वा यस्तै प्रकारका कुनै मासिक सुविधा पाइरहेका व्यक्तिहरुले र कुनै दलित बालबालिकाको आमा वा बाबु मध्ये कुनै एक सरकारी वा औपचारिक सेवामा कार्यरत भएमा वा कुनै व्यवसाय दर्ता गरी सञ्चालन गरिरहेको भएमा सामाजिक सुरक्षा भत्ता पाउनेछैनन् भन्ने व्यहोरा भएकोले सोही व्यहोरा जानकारी गराउदै उक्त सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तीहरुको लगत कट्टा मिति २०७५ असोज १५ गते भित्र गराउनुहुन सम्वन्धित वडा कार्यालयलाइ निर्देशन गरिन्छ । चालु आ.व. २०७५/२०७६ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आगामि आ.व. २०७६/२०७७ का लागि पुस मसान्त भित्र सम्वन्धित वडा कार्यालयमा गइ नाम नविकरण गर्न अनुरोध छ ।यस कार्यमा सम्वन्धित सवै वडाका जनप्रतिनिधीहरुले आवश्यक प्रचार प्रसार र समन्वय तथा सहयोग गरिदिनु हुन यस कार्यालय हार्दिक अनुरोध गर्दछ ।

राजेन्द्र आचार्य

विष्णुप्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत